**बैठक नं. २५८(३)१८**

**मिति २०७७।११।१८**

## निर्णय

१. South Asian Forum of Information Commissioners को स्थापना गर्न गठित समितिबाट प्राप्त प्रतिवेदनमाथि छलफल भयो । उक्त समितिलाई धन्यवाद दिँदै प्रतिवेदनमा परिमार्जन गर्नु पर्ने कुनै बिषय भएमा प्रमुख सूचना आयुक्त समक्ष सुझाव पेश गर्ने निष्कर्ष रह्यो । प्रस्तुत सन्दर्भमा केही सुझाव प्राप्त भएमा अर्को बैठकमा अन्तिम रुप दिने निर्णय भयो ।

२. सर्वसधारण नागरिकले सार्वजनिक निकायमा सूचना माग गर्दा सहज होस् भन्ने उद्देश्यबाट सार्वजनिक निकायमा रहेका सूचना अधिकारीको इमेलमा एकरुपता ल्याउनको लागि सबै सार्वजनिक निकायले suchanaadhikari नाममा इमेल बनाई सार्वजनिक गर्न संघीय सार्वजनिक निकायका हकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत, प्रादेशिक सार्वजनिक निकायका हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहका सार्वजनिक निकायको हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत लेखि पठाउने र राष्ट्रिय सूचना प्रविधि केन्द्र मार्फत तयार भैरहेको सरकारी इमेलमा पनि suchanaadhikari नाममा इमेल बनाउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत लेखी पठाउने ।

३. पुनरावेदनको कारबाही र किनारा गर्ने कार्यविधि, २०७२ को प्रमाणित मिति २०७२ चैत्र १५ देखि मिति २०७७ चैत्र १४ सम्म ५ बर्षको लागि बनेको देखिँदा यसमा समसामयिक सुधार गरी नयाँ तर्जुमा गरी चैत १५ गते भित्र पेश गर्न देहायको समिति गठन गर्नेः

(क) सचिव, राष्ट्रिय सूचना आयोग - संयोजक

(ख) उपसचिव, पुनरावेदन शाखा - सदस्य

(ग) कानून अधिकृत शान्ति वाग्ले - सदस्य-सचिव

४. आयोग पदाधिकारीहरुको यसैसाथ संलग्न कार्यविवरण स्वीकृत गर्नेः

५. आयोगको प्रादेशिक कार्यालय स्थापना गर्ने सम्बन्धमा अध्ययन गरी चैत मसान्त भित्र पेश गर्न देहायको समिति गठन गर्नेः

(क) उपसचिव, फणिन्द्र दाहाल - संयोजक

(ख) शाखा अधिकृत हरिहर कार्की - सदस्य

(ग) कानून अधिकृत शान्ति वाग्ले - सदस्य-सचिव

६. कोभिड महामारीका कारण गत बर्ष देखि नै सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन गर्न नपाइएको र हाल कोभिडको अवस्था विस्तारै कम हुँदै गएको अवस्थालाई ध्यानमा राखी यस आर्थिक वर्षको बाँकी अवधिमा अनुगमन कार्यलाई सघन रुपमा लैजान चैत देखि असारसम्म प्रत्येक महिना अनुगमन गरिने जिल्ला र कर्मचारीको जिम्मेवारी सहितको कार्ययोजना बनाई फागुन मसान्त भित्र प्रमुख सूचना आयुक्त समक्ष सचिवालयले पेश गर्ने ।

विविध :

(क) राष्ट्रिय सूचना आयोगबाट अनुगमन जाने पदाधिकारी/कर्मचारीबाट प्राप्त अनुगमन प्रतिवेदन आयोगको वेवसाइटमा राख्ने निर्णय भयो ।

(ख) आयोगको अनुगमन र खर्चको विवरण मासिकरुपमा वेवसाइटमार्फत सार्वजनिक गर्ने निर्णय भयो ।

(ग) राष्ट्रिय सूचना आयोगको स्थापना दिवस प्रत्येक बैशाख २२ गते मनाउने गरिएकोमा यस बर्षको बजेटमा उक्त कार्यक्रम तथा बजेट छुट भएको पाइएको हुँदा अर्थ मन्त्रालयसँग सो बजेट माग गर्ने ।